# राजापुर राजपत्र

## राजापुर नगरपालिकाद्धारा प्रकाशित

खण्ड - ७, कार्तीक २७ गते २०८१ साल - संख्या ५

# भाग १

**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम राजापुर नगरपालिकाको १३ औं नगरसभा बाट मिति २०८१।०३।२७ गते पारित भई नगर प्रमुखबाट मिति २०८१ असार ३० गते प्रमाणिकरण गरी सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

## नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ऐन, २०८१

नगरसभाबाट पारित मितिः २०८१।०३।२७ गते

नगर प्रमुखबाट प्रमाणीकरण मिति : २०८१।०३।३० गते

प्रस्तावना :

राजापुर नगरपालिका क्षेत्रभित्रका सार्वजनिक सम्पतिहरुको संरक्षण लगायत समुदायमा स्थानीय कानुनको परिपालना गराई शान्ति सुरक्षा, अमनचयन तथा सुव्यवस्था कायम राख्न नगरपालिकाको आफनै नगर प्रहरी सङ्गठन स्थापना तथा संचालन गर्न बान्छनीय भएकोले नेपालको संबिधानको अनुसूची ८ (१) र धारा २२६ (१) र स्थानीय सरकार संञ्चालन ऐन, २०७४ को दफा १०२ (१) द्वारा प्रदत्त अधिकारको प्रयोग गरी राजापुर नगरपालिकाको नगरसभाले राजापुर नगर प्रहरीको सञ्चालन तथा ब्यवस्थापन गर्न यो ऐन जारि गरिएको छ ।

## परिच्छेद – १

## संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :

१) यस ऐनको नाम “राजापुर नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ऐन, २०८१” भन्ने रहेको छ ।

२) यो ऐन राजापुर नगरपालिका भित्रमा लागू हुनेछ ।

३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषा : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

क) “ऐन” भन्नाले राजापुर नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ऐन, २०८१ सम्झनु पर्दछ ।

ख) “नगरपालिका” भन्नाले राजापुर नगरपालिका सम्झनु पर्दछ ।

ग) “नगर प्रमुख” भन्नाले राजापुर नगरपालिकाका नगर प्रमुख सम्झनु पर्दछ ।

घ) “प्रमुख प्रशासकीय अकृित” भन्नाले राजापुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कार्यालय प्रमुख सम्झनु पर्दछ ।

ङ) "नगर प्रहरी" भन्नाले यस ऐन अन्तर्गत राजापुर नगरपालिकामा नियुक्त नगर प्रहरी कर्मचारीलाई सम्झनुपर्छ । सो शब्दले नगर प्रहरी सहायक निरीक्षक र प्रहरी कर्मचारीलाई जनाउदछ ।

च) "तोकिएको " वा "तोकिए बमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेको नियम वा निर्देशिका वा कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

छ)"कार्यपालिका" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गठन हुने नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

ज) "नगर सभा" भन्नाले नगरपालिकाको सभासम्झनु पर्दछ ।

## परिच्छेद — २
## नगर प्रहरी सेवाको गठन, रेखदेख र नियन्त्रण

३. नगर प्रहरीको गठन :

(१) यस ऐन वमोजिम नगरपालिकामा राजापुर नगर प्रहरीको गठन गरिनेछ ।

(२) उपदफा (१) अनुसार गठन हुने संख्या र पद नगर प्रहरी दरवन्दी सजृना अल्पकालिन तथा दीर्घकालिन प्रभाव र वित्तीय दायित्यको विश्लेषण समितिको प्रतिवेदनका आधारमा कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

४. नगर प्रहरी सेवाको रेखदेख र नियन्त्रणः (१) यस ऐन बमोजिम गठन हुने नगर प्रहरी सेवाको रेखदेख र नियन्त्रण यसै ऐन र प्रचलित कानुन बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

## परिच्छेद – ३
## नगर प्रहरीको काम, कर्तव्य र अधिकार

५. नगर प्रहरीको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :

क) नगरपालिकाको नीति, कानुन, मापदण्ड तथा निर्णय कार्यान्वयन गर्ने

ख) नगरपालिकाको चल अचल सम्पतिको सुरक्षा र संरक्षण गर्ने

ग) स्थानीय स्तरमा हुने सभा, समारोह, परम्परा, जात्रा तथा चाडपर्वमा आदिमा शान्ति, सुरक्षा र व्यवस्थापन गर्ने

घ) स्थानीय बजार तथा पाकिङ्ग स्थलको रेखदेख र व्यवस्थापन गर्ने

ङ) नगरपालिकाका सरसफाइ सम्बन्धी मापदण्डको कार्यान्वयन गर्ने

च) न्यायिक समितिले गरेको मिलापत्र तथा निर्णयको कार्यन्वयन गर्ने

छ) सार्वजनिक, ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको सुरक्षा गर्ने

ज) विपद व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुर्नस्थापना गर्ने

झ) स्थानीय प्राकृतिक स्रोत र अचल सम्पत्तिको संरक्षण चोरी निकासी नियन्त्रण,

ञ) छाडा पशु चौपायाको नियन्त्रण गर्ने

ट) अनधिकृत निर्माण तथा सार्वजनिक सम्पति अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने

(ठ) कार्यालयले तोकेको अन्य कार्य गर्ने ।

## परिच्छेद — ४
## पद सिर्जना, पदपूर्ति र खारेज

६. नगर प्रहरीको दरवन्दी सिर्जनाः (१) नगर प्रहरीको दरवन्दी सिर्जना तथा खारेज गर्दा अल्पकालीन तथा दीर्घकालिन प्रभाव र वित्तीय दायित्यको विश्लेषण गर्नुपर्नेछ ।

२) दफा १ बमोजिमका विश्लेषण गर्न देहाय बमोजिमको अध्ययन समिति रहने छ ।

| | |
|---|---|
| क) प्रमुख प्रशाकीय अधिकृत | संयोजक |
| ख) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| ग) प्रशासन शाखा प्रमुख | सदस्य सचिव |

३) दफा २ बमोजिमको समितिले आवश्यकताका आधारमा नगरपालिकाका कर्मचारी तथा विज्ञ आमन्त्रण गर्न सक्ने छन् ।

४) दफा २ को समितिले तयार पारेको प्रतिवेदन कार्यपालिकामा प्रमुख प्रशासकीय अधिकृत मार्फत पेश गरी कर्मचारीको दरवन्दी सिर्जना र खारेजी कार्यपालिकाले गर्नेछ ।

५) नगर प्रहरीको दरवन्दी सिर्जना गर्दा करार सेवा बाट गरिने छ ।

७. नगर प्रहरीमा रहने पदहरुः (१) नगर प्रहरीमा देहाय बमोजिमका पदहरु रहनेछन् ।

क) नगर प्रहरी सहायक निरीक्षक (सहायक स्तर चौंथो )

ख) नगर प्रहरी हवल्दार (सहायक स्तर तेश्रो)

ग) नगर प्रहरी जवान (सहायक स्तर दोश्रो)

८. प्रहरी पदपूर्ति समितिः (१) नगर प्रहरीको दरवन्दी बमोजिम पदपूर्ति गर्न नगर प्रहरी पदपूर्ति समिति देहाय बमोजिम हुने छ ।

क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी - संयोजक

ख) नेपाल प्रहरीको प्रतिनिधि स्थानीय – सदस्य

ग) आर्थिक प्रशासन शाखा प्रमुख – सदस्य

घ) प्रशासन शाखा प्रमुख – सदस्य सचिव

२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार :

क) प्रतियोगिताद्धारा पद पूर्ति हुने पदको पाठ्यक्रम निर्धारण गर्ने,

ख) पदपूर्तिका कार्यतालिका बनाउने,

ग) परीक्षाको किसिम तोक्ने,

घ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने,

ङ) प्रशिक्षक छनौट गर्ने,

च) लिखित, प्रयोगात्मक र अन्तरवर्ता परीक्षा लिने तथा नतिजा प्रकाशन गर्ने,

छ) सफल उम्मेदवारलाई नियुक्तिका लागि सिफारिस गर्ने र

ज) पदपुर्ति सम्बन्धी तोकिएका अन्य कार्य गर्ने ।

९. नगर प्रहरीको आवश्यक योग्यताः

१ खुला प्रतियोगिताद्वारा नियुक्त हुने नगर प्रहरी सेवाको जवान पदका लागि शैक्षिक योग्यता ८ कक्षा पास वा सो सरह र नगर प्रहरी सहायक निरीक्षकका लागि १२ कक्षा पास वा सो सरह गरेको हुनु प्रर्नेछ ।

२ नेपाली नागरीक हुनुपर्नेछ ।

३ अदालतबाट कुनै पनि अभियोग कसुर नठहरीएको

४ १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनु पर्नेछ ।

५ कुनै कनूनले अयोग्य नभएको ।

२ खुला प्रतियोगिताद्वारा पद नियुक्त हुने नगर प्रहरी जवानको हकमा न्यूनतम १८ वर्ष, नगर प्रहरी सहायक निरीक्षकको हकमा न्युनतम २१ वर्ष र अधिकतम ३० वर्ष ननाघेको तथा प्रहरी सेवाबाट अवकास वा स्वच्छीक अवकास प्राप्त गरेकाको हक मा अधिकतम ४५ वर्ष उमेर पुरा नभएको हुनु पर्नेछ तथा अवकास प्राप्त प्रहरीको हकमा नगर प्रहरी सहायक निरीक्षक पदपुर्तीको लागी एस एल सी वा सो सरहलाई मान्यता दिईनेछ ।

३) नगर प्रहरी हवल्दारको व्यवस्था आवश्यकताका आधारमा नगर प्रहरी जवानहरु मध्येबाट कम्तीमा ५ वर्ष सेवा अवधी, कार्यक्षमता र योग्यताका आधारमा आन्तरिक बढुवा माफर्त पदपुर्ति गरीने छ ।

२) देहायको व्यक्ति नगर प्रहरी सेवामा नियुक्त हुन अयोग्य मानिनेछ :

क) गैर नेपाली नागरिक,

ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको,

ग) भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएको र

१०. योग्यताक्रम सूची तयार गर्ने :

१) उम्मेदवारहरुले प्राप्त गरेको अङ्कको आधारमा योग्यताक्रम सूची तयार गरी पदपूर्ति समितिले नियूक्तिका लागि सिफारिस पेश गर्ने । कुल रिक्त पदको बढीमा २० प्रतिशत सम्म योग्यताक्रमानुसार बैकल्पिक उम्मेदवार राखिनेछ ।

२) सिफारिस गरिएका व्यक्तिहरु पदपूर्ति समितिले प्रमुख प्रशासकीय अधिकृत समक्ष करार निवेदनका लागि पेश गर्नेछ ।

३) नियुक्तिको लागि सिफारिश भएको मितिले पैतीस(३५) दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति दिनु पर्नेछ ।

४) नियुक्तिको निर्णय भई सार्वजनिक भएको ३५ दिन भित्र सफल उम्मेदवारले नियुक्ति नलिएमा वा नियुक्ति भएको छ महिनाभित्र कुनै कारणले पद रिक्त हुन गएमा बैकल्पिक उम्मेदवारलाई नियुक्ति दिन सार्बजनिक सूचना गर्नु पर्नेछ ।

५) बैकल्पिक उम्मेदवारहरुले छ महिनासम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतः खारेज हुनेछ ।

११.परीक्षणकालमा राखिने :

(१) नयाँ नियुक्त गरिएका नगर प्रहरी कर्मचारीलाई १ वर्ष परीक्षणकालमा राखिनेछ । सो अवधिमा नगर प्रहरी कर्मचारीले सन्तोषजक काम नगरेमा नगर पहरी प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले थप छ महिना परीक्षणकालमा राख्न सक्नेछ ।

तर, महिला नगर प्रहरी कर्मचारीको हकमा परीक्षणकाल छ (६) महिना र थप गर्न सकिने परीक्षणकालको अवधी छ महिना मात्र रहनेछ ।

२) उपदफा (१) वमोजिम थप भएको परीक्षणकालमा रहेको कुनै नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा निजलाई नियुक्ति गर्ने अधिकारीले अवकाश दिन सक्नेछ ।

२. ज्येष्ठताक्रम कायम  नगर प्रहरीका ज्येष्ठताक्रम कायम गर्दा निजहरुले  प्रतियोगितात्मक परीक्षा र आधारभुत तालिममा प्राप्त गरेको अंकको योगफलका आधारमा कायम गरिनेछ ।

## परिच्छेद – ५
## सजाय र पुनरावेदन

१३. सजायः उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाइ देहायको सजाय गर्न सकिनेछ ।

क) नसिहत दिनेः (१) प्रमुख प्रशासकीय अधिकृतले दिएको आदेशको अवज्ञा गर्ने वा तोकिए बमोजिमको आफ्नो काम कर्तव्य पूरा नगर्ने नगर प्रहरी कर्मचारीलाई नसिहत दिईनेछ ।

२) उपदफा (१) बमोजिम १ वर्षमा ३ पटक भन्दा वढी नसिहत पाएका नगर प्रहरी कर्मचारीलाई प्रकृया पुरा गरी सेवाबाट हटाईने छ ।

क) तलब वृद्धि वा वढुवा रोक्नेः नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलब वृद्धि वा पदोन्नती रोक्का गर्न सक्नेछ ।

ख) तह र तलब घटाउनेः (१) कुनै नगर प्रहरीले देहाय बमोजिमको कसूर गरेमा निजलाई १ तह घटुवा गरी सोही घटुवा भएको तहको तलब भत्ता उपलब्ध गराईनेछ ।

१. सन्तोषजनक काम नगरेमा,
२. पटक पटक अनुशासनहिनता गरेमा,
३. आचरण सम्बन्धी कुराहरु उलंघन गरेमा,
४. नगरपालिकाले दिएको आदेश निर्देश पालना नगरेमा वा कार्यान्वयन नगरेमा,
५. मनासिव कारण विना विदा स्वीकृत नगराई विदा बसेमा र
६. तोकिएको बमोजिमको जिम्मेवारी वा लापरबाही गरेमा ।

ग) सेवाबाट हटाउने वा बर्खास्त गर्नेः (१) नगर प्रहरी कर्मचारीलाई देहाय बमोजिमको कसुर गरेमा सेवाबाट हटाउन वा बर्खास्त गर्न सक्नेछ ।

१. अयोग्यताको कारण आफ्नो पदीय जिम्मेवारी पुरा गर्न नसकेमा,
२. राजनीतिमा भाग लिएमा
३. बारम्बार अनुशासनहीन काम गरेमा,
४. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरेमा,
५. कार्यालय समयमा मादक पदार्थ सेवन गरी आएमा,
६. प्रचलित कानुन बमोजिम भ्रष्टाचार कसुर गरेमा,
७. पदीय जिम्मेवारी अनुसारको आचरण नगरेमा र
८. आचरण सम्बन्धी नियमहरु पटक पटक उल्लंघन गरेमा ।

१५. सजाय सम्बन्धी कार्यविधिः

(१) नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने र गराउन आदेश दिने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

२) नगर प्रहरीलाई सजायको आदेश दिनु अघि कारवाही गर्न थालिएको विषयमा र सजाय स्पष्ट खुलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ । त्यस्तो सफाई पेश गर्न आदेश दिँदा गराईएका आरोप स्पष्ट रुपले किटिएको हुनु पर्दछ । त्यस्तो नगर प्रहरीलाई सजाय गर्ने अधिकारीले तोकिएको म्याद भित्र आफ्नो सफाई र प्रस्तावित सजायको लिखित रुपमा स्पष्टीकरण पेश गर्नु पर्दछ ।

१६. पुनरावेदन लाग्नेः दफा १३ देखी १८ बमोजिमको कारबाहीमा चित्त नबुझेमा निजले कारवाहीको निर्णय भएको पैतीस दिनभित्र उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

परिच्छेदः ६

तलब भत्ता, सेवा सुविधा सम्बन्धी व्यवस्था

१७. पारिश्रमिक, राशन, बिदा तथा अन्य सुविधाः (१) नगर प्रहरीको पारिश्रमिक, राशन, बिदा तथा अन्य सेवा शर्त र सुविधा तोकिए बमोजिम हुनेछ ।

(२) कार्यालयलाई नगर प्रहरीको सेवा आवश्यक छ भन्ने लागेमा निजको कार्य सम्पादनको आधारमा करारको म्याद वार्षिक रुपमा थप गर्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखेको भएतापनि कार्य सम्पादन स्तर संन्तोष जनक नरहेको नगर प्रहरीको सेवा करार सम्झौता कार्यालयले जुनसुकै समयमा रद्द गर्न सक्नेछ ।

परिच्छेदः ७

पोशाक र दर्ज्यानी चिन्ह

१८. पोशाक र चिन्हः नगर प्रहरीको दर्ज्यानी चिन्ह, ब्याज, पोशाक र सोको रंग सम्बन्धी व्यवस्था नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

परिच्छेदः ८

विविध

१९. तालिमः (१) छनौट भएका नगर प्रहरीलाई औपचारिक जिम्मेवारीमा खटाउनु पूर्व नेपाल प्रहरीसँगको समन्वयमा न्युनतम ४५ (पैतालिस) दिनको आधारभुत तालिम प्रदान गर्नु पर्नेछ ।

२०. पुरस्कारः प्रशंसनीय एवं उत्कृष्ट कार्य सम्पादन गर्ने नगर प्रहरीलाई नगरपालिकाको कार्यालयले पुरस्कृत गर्न सक्नेछ ।

२१. कार्य सञ्चालन प्रक्रियाः कार्यालयले नगर प्रहरीको कार्य सञ्चालन प्रक्रिया बनाई लागू गर्न सक्नेछ ।

२२. नियम बनाउने अधिकारः (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागी कार्यपालिकाले आवश्यक नियमावली तथा कार्यविधि बनाउन सक्नेछ ।

२३. बचाउ र लागू नहुनेः (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा उल्लेख भएका व्यवस्था सोही बमोजिम र उल्लेख नभएका व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस ऐनका दफा तथा उपदफाहरु संविधान, संघीय कानुन र प्रशेश कानुन सँग वाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।